Australian Government
Aged Care Quality and Safety Commission

Engage
Empower
Safeguard

के तपाईंलाई वृद्ध हेरचाह प्रदायक, कामदार वा जिम्मेवार व्यक्तिको बारेमा चिन्ता छ?

तपाईं यसबारे केही गर्न सक्नुहुन्छ। यदि तपाईं वा अरू कसैले प्राप्त गरिरहेको वृद्ध हेरचाहको बारेमा तपाईंलाई चिन्ता छ भने, तपाईं यसलाई आफ्नो प्रदायक वा हामीसँग व्यक्त गर्न सक्नुहुन्छ।

तपाईंसँग उजुरी गर्ने अधिकार छ। हामी तपाईंलाई पहिले आफ्नो चिन्ताहरू व्यक्त गर्न वा तपाईंको प्रदायकलाई उजुरी गर्न प्रोत्साहित गर्दछौं। यो प्रायः उजुरी समाधान गर्ने सबैभन्दा सजिलो र छिटो तरिका हो, र यसले तपाईंको प्रदायकलाई तिनीहरूको सेवा सुधार गर्ने अवसर दिन्छ। उजुरी गर्न असहज वा गलत महसुस गर्नु हुँदैन।

यस सेवाभित्र तपाईंको स्थानीय सम्पर्क हो:

यदि तपाईं यो गर्न सहज महसुस गर्नुहुन्न, वा यदि तपाईंलाई आफ्नो प्रदायकलाई उजुरी सुल्झाउन समस्या भइरहेको छ भने, कृपया निःशुल्क सल्लाह वा मद्दतको लागि **वृद्ध हेरचाह गुणस्तर र सुरक्षा आयोगलाई 1800 951 822 मा** सम्पर्क गर्नुहोस्। तपाईंले उजुरी गर्न सक्नुहुन्छ वा हामीलाई वृद्ध हेरचाह प्रदायक, कामदार वा जिम्मेवार व्यक्तिको बारेमा प्रतिक्रिया दिन सक्नुहुन्छ। प्रतिक्रिया प्रदान गर्नु भनेको हामीले यसलाई कसरी सम्हाल्छौं भन्नेमा संलग्न नभई तपाईंको चिन्ताहरूको बारेमा हामीलाई बताउने एक तरिका हो। यदि तपाईं चाहनुहुन्छ भने तपाईं अज्ञातरूपमा वा गोप्यरूपमा आफ्ना चिन्ताहरू व्यक्त गर्न सक्नुहुन्छ।

यदि तपाईं आफ्नो चिन्ता व्यक्त गर्न सहयोग चाहनुहुन्छ भने, एक निःशुल्क वकिलले मद्दत गर्न सक्छ। वृद्ध व्यक्तिहरूको वकालत सञ्जाल (OPAN) लाई उनीहरूको वृद्ध हेरचाह वकालत लाइन **1800 700 600**मा फोन गर्नुहोस्।

यदि तपाईंलाई हामीसँग कुरा गर्न दोभाषे चाहिन्छ भने, अनुवाद र दोभाषे सेवालाई **131 450**मा फोन गर्नुहोस्।

फोन
1800 951 822

ईमेल
info@agedcarequality.gov.au

वेब
agedcarequality.gov.au

लेख्नुहोस्
तपाईंको राजधानी शहरमा Aged Care Quality and Safety Commission, GPO Box 9819